# नाडेप लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ
फोन नं. ०१०–४०२१११, ४०२१२४ फ्याक्सः ०१०–४०२१११

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरू,**

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९ फागुन १० गते बुधवार दिउसो ३ः४५ बजे बसेको सञ्चालक समितिको १७८औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : वि.सं. २०७९ चैत्र ८ गते, बुधबार (सन् २२ मार्च २०२३)
**समय** : विहान ११.०० बजे देखि ।
**स्थान** : नौविसे एग्रो रिसोर्ट, धादिङ ।

**छलफलका विषयहरू :**

**क) साधारण प्रस्तावहरू :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७८।७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने,

२) लेखापरीक्षकको वार्षिक प्रतिबेदन सहितका आ.व.२०७८।७९ सम्मको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको बार्षिक वित्तीय प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व २०७९।८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरू :**

१) यस वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ति) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी जानकारी :

१) यस संस्थाको आठौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९।११।२१. गते एक दिन मात्र शेयर दाखिला खारेज बन्द (Book Close) रहनेछ । मिति २०७९।११।१८ सम्ममा कायम रहेका शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

२) संस्थाको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको लागि संस्थाको वेब साईट www.nadeplaghubitta.com मा राखिनेछ सोबाट विस्तृत विवरणहरू हेर्न सकिनेछ ।

३) सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले अनिवार्य रूपमा शेयर अभौतिकीकरण गरेको विवरण (BOID Statement)/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४) नावालक तथा अशक्त शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले मात्रै भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।

५) सभामा भाग लिनुहुने शेयरधनी महानुभावहरूको लागि हाजिर पुस्तिका सभा हुने स्थानमा सोही दिन बिहान १०:०० बजेबाट सभा सम्पन्न नभएसम्म खुला रहनेछ । शेयरधनी महानुभावहरूले सभा शुरू हुनुभन्दा पहिले नै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरिदिनुहुन अनुरोध गरिन्छ ।

६) वार्षिक साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयर धनीहरूलाई मात्र प्रतिनिधि -प्रोक्सी नियुक्त गर्न सक्नेछन । यसरी प्रतिनिधि प्रोक्सी नियुक्त गरिएको निबेदन सभा सुरू हुनु भन्दा ९६ घण्टा भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय गजुरीमा दर्ता गराई सक्नुपर्नेछ ।

७) वार्षिक साधारण सभा हलको सुरक्षाको लागि प्रतिवन्धित सरसमान ल्याउन निषेध गरिएको छ ।

८) अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय गजुरी, धादिङ्गको फोन नं. ०१०–४०२१११, ४०२१२४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।